# मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# मन्थली
# ३ नंवर प्रदेश, नेपाल

## शिलबन्दी बोलपत्र आह्वानको सूचना

सूचना नं. ४/२०७५/७६
(प्रथम पटक प्रकाशित सूचना मिति २०७५/०६/०९)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११घ(१) घ(२) र घ(६) समेतमा भएको ब्यबस्था अनुसार यस मन्थली नगरपालिका नगरकार्यपालिकाको कार्यलयले उठाउन पाउने कर, दस्तुर, २०७५ साल कार्तिक देखि २०७६ आषाढ मसान्तसम्मको लागि राजश्व परामर्श समितिको मिति २०७५/०५/०८ को शिफारिशमा ढुंगा, गिट्टी, वालुवा तोकिएको स्थानवाट संकलन कर उठाउनको लागि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले ३ नं. प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७५ कोदफा ८(१) र सो सँग सम्वन्धीत अनुसूची-५ मा भएको ब्यवस्था बमोजिम सोही प्रयोजनका लागि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले स्थायी लेखा नम्वर (पान) लिएका इच्छुक व्यक्ति, फर्म वा संस्थालाई तोकिएको शर्तहरुको अधिनमा रही आफ्नो फर्म/संस्था दर्ता/नविकरण प्रमाणपत्र ,मु.अ.क. दर्ता प्रमाणपत्र/स्थायी लेखा प्रमाणपत्र, तथा आ.व. २०७४/७५ को करचुक्ता गरिएको प्रमाणको प्रतिलिपि सहित आवश्यक कागजातहरु संलग्न गरी रितपुर्बक शिलवन्दी बोलपत्र पेश गर्नु हुन यो ३०(तिस) दिने सूचना प्रकाशित गरिएको छ।

**ठेक्काको विवरण**

| आय ठेक्का नं. | ठेक्काको क्षेत्र | संकलन गर्न पाउने अधिकतम परिमाण | ३ नं.प्रदेश सरकारबाट स्वीकृत दररेट | कुल न्यूनतम अंक (मु.अ.कर वाहेक) | वोलपत्र दस्तु | शिलवन्दी बोलपत्र खरिदको अन्तिम मिति | धरौटी |
|---|---|---|---|---|---|---|---|
| ४. | सुनकोशी र तामाकोशीको दोभान देखि नवु घाटको उत्तरी किनारा सम्म<br>सुनकोशी र तामाकोशीको दोभान देखि कठजोर खोला दोभानको पूर्वि किनार र भटौली खोला दोभान देखि मिल्ती खोला दोभानसम्मको पश्चिमी किनार क्षेत्र<br>तामाकोशी सुकाजोर खोला दोभान देखि छेरुवा खोला सम्मको सुकाजोर खोलाक्षेत्र<br>तामाकोशी रणजोर खोला दोभान देखि सिम्ले वगर सम्मको रणजोर खोला क्षेत्र<br>भटौली खोलाको उत्तरी किनार क्षेत्र<br>मिल्ती खोलाको दक्षिण पूर्वी किनार क्षेत्र<br>तथा IEE ले तोकेको मनपा भित्रको क्षेत्र | २९ लाख घन फिट | प्रति घनफिट रु. ६।- (छ रुपैयाँ) निकासी शुल्क (मु.अ.कर वाहेक) | १७४००००० | ३,००० | २०७५/०७/०७ | कवोल अंकको ५% |

१. ठेक्का लिने इच्छुक व्यक्ति, फर्म वा संस्थाले कवोल गरेको अंकको ५ प्रतिशत धरौटी राख्नु पर्नेछ । धरौटी वापत रकम मनपाको नाममा राष्ट्रिय वाणिज्य बैक, मन्थली शाखामा रहेको १६८०३०३००७१०२ धरौटी खातामा जम्मा गरी सक्कलै बैंक भौचर सहित सम्लग्न गरि शिलवन्दी बोलपत्र माथि उल्लेखित अन्तिम मितिको भोलि पल्ट १२:०० वजेसम्म दर्ता गरिसक्नु पर्नेछ र सोही दिनको १:०० वजे नियमानुसार कर्मचारी प्रतिनिधि र ठेकेदार प्रतिनिधिको रोहवरमा खोलिनेछ। शिलबन्दी बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलवन्दी बोलपत्रखोल्न बाँधा पर्ने छैन । वोलपत्र स्वकृित गर्दा तालिका वनाई बढी अंक कवोल गर्नेको बोलपत्र स्वकिृत गर्न सकिने छ।
२. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्थली नगरपालिका नगरकार्यपालिकामा निहित रहनेछ।
३. यस ठेक्कामा अन्य शर्तहरु एबं बन्देजहरु समेत लागु हुनेछन । सो को लागि मनपाको **Website: manthalimun.gov.np** मा हेर्न सकिनेछ।
४. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

प्रमुख प्रशासकिय अधिकृत